मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा,झापा

१ नं. प्रदेश,नेपाल

प. सं. ०७५/०७६ (सा.प्र.शाखा)

चं. न. १०८२१

मितिः- २०७६/०३/०४

श्री वडा कार्यालय (सबै),

मेचीनगर नगरपालिका, झापा ।

बिषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय, झापाको च.नं ८४६९ मिति २०७६/०३/०२ को नागरिकताको सिफारिस सम्बन्धि पत्र यसै साथ संलग्न छ । पत्रानुसार नागरिकता सिफारिसमा एकरुपता ल्याउन जिल्ला प्रशासन कार्यालय, झापाको संलग्न निर्देशन बमोजिम मात्र हुनेगरी नागरिकता सिफारिस हुन निर्देशानुसार अनुरोध छ ।

०७६/०३/०४

बिक्रम लिम्बु

शाखा अधिकृत

बिक्रम लिम्बु

शाखा अधिकृत

(रा.प. तृतीय)

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,

Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ८४६५

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ९८६८४
दर्ता मिति ३।८

मिति :- २०७६/०३/०२

श्री क.प्र. शाखा
उल्लेख भई आए अनुसार सबै वडा कार्यालयमा पत्राचार र अनुगमन समेत हुने

**विषय :- नागरिकताको सिफारिस सम्बन्धमा ।**

श्री बाह्रदशी गा.पा., श्री झापा गा.पा., श्री बुद्धशान्ति गा.पा.,
श्री हल्दीबारी गा.पा., श्री कचनकवल गा.पा., श्री मेचीनगर न.पा.,
श्री कनकाई न.पा., श्री भद्रपुर न.पा., श्री अर्जुनधारा न.पा., श्री विर्तामोड न.पा.,
जिल्ला झापा ।

प्रस्तुत विषयमा तहाँ अर्न्तगतका वडा कार्यालयहरुबाट नेपाली नागरिक हुन योग्य व्यक्तिहरुलाई गरिने नेपाली नागरिकताको सिफारिसमा एकरुपता नभएको देखिएकाले एकरुपता ल्याउन एवम नागरिकता सम्वन्धि अभिलेखलाई व्यवस्थित गर्न **देहाय बमोजिम गरि मात्र** नेपाली नागरिक हुन योग्य व्यक्तिलाई नेपाली नागरिकताको सिफारिस गर्न सम्बन्धित नगरपालिका तथा गाउँपालिका मार्फत वडा कार्यालयहरुलाई निर्देशन हुन साथै यसै साथ संलग्न तालिका बमोजिमको विवरण ३ (तीन) दिन भित्र पठाईदिन हुन आदेशानुसार अनुरोध छ ।

देहाय :-

१. बाबुको नाम थर महल अर्न्तगतको नागरिकता शिर्षकमा बाबुको नागरिकता नम्बर, जारी मिति र जारी जिल्ला अनिर्वाय रुपमा उल्लेख गर्ने ।
२. नेपाली नागरिकताको सिफारिस गर्दा चलानी नम्बर र सिफारिस मिति अनिर्वाय रुपमा उल्लेख गर्ने ।
३. वडाध्यक्ष बिदामा बसी अन्य पदाधिकारीले नागरिकताको सिफारिस गर्नु परेको अवस्थामा सिफारिस गर्ने पदाधिकारीलाई दिईएको अख्तियारी पत्र समेत अनिवार्य समावेश गरी पठाईदिने ।
४. बाबु वा आमा वाहेक परिवारका अन्य सदस्यले सनाखत गरेको अवस्थामा अनिवार्य रुपमा नाता प्रमाणित गरेर पठाउने ।
५. नागरिकताको सिफारिस गर्दा पेश भएका कागजात साथै नागरिकता लिदाँ आवश्यक अन्य सहयोगी कागजातको सक्कल अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयमा समेत पेश गर्नु पर्नेछ भनी सिफारिस प्राप्त गर्ने व्यक्तिलाई जानकारी दिने ।

**वाधार्थ :-**
**श्री नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा,**
**सिंहदरबार, काठमाण्डौ ।**
**श्री जिल्ला समन्वय समिति झापा :- आवश्यक सहयोग तथा समन्वयका लागि ।**

श्रीमान, प्रस्तुत व्यहोरानुरुपको पत्राचारको निम्ति स्वीकृतार्थ पेश गरेको छौं।
२०७६।०३।०६